# यशोधरा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बैदौली, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या :-२०८१/८२
चलानी नम्वर :-

मिति : २०८१।०९।२५

## कर्मचारी आवश्यकता सम्बन्धी सूचना

यशोधरा गाउँपालिकामा सुरक्षित आप्रवासन (सामी) कार्यक्रम अन्तर्गत मनोसामाजिक परामर्श सेवा तथा सुरक्षित वैदेशिक रोजगारी सम्वन्धी सचेतीकरण कार्यक्रम सञ्चालन गर्नका लागि निम्नानुसारको जनशक्तिको आवश्यकता परेकोले इच्छुक योग्य नेपाली नागरिकहरुबाट दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशन गरिएको छ ।

१. विज्ञापन नम्बर : ११/०८१।०८२

| क्र.सं . | पद | पद संख्या | योग्यता |
|---|---|---|---|
| १. | मनोसामाजिक परामर्शकर्ता (पाँचौ तह) | १ (महिला) | ▪ मान्यताप्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट वा स्टाफ नर्स वा मान्यता प्राप्त विश्वद्यालयबाट पब्लिक हेल्थ/नर्सिंग/ मनोविज्ञान/समाजशास्त्र/सोसिएल वर्कमा स्नातक तह, स्वास्थ्य शिक्षाविषयमा स्नातक तह उतीर्ण गरेको र पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ उत्तीर्ण गरेको ।<br>▪ मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालीम प्राप्त गरी राष्ट्रिय स्वस्थ्य तालिम केन्द्रबाट प्रमाण-पत्र भएको र सोही क्षेत्रमा कामगरेको अनुभवी र महिलालाई विशेष प्राथमिकता दिईनेछ ।<br>▪ प्रचलित कानून बमोजिम सरकारी सेवाको पदका लागि आवेदन दिन अयोग्य नभएको ।<br>▪ कम्प्यूटर सम्बन्धी आधारभुत ज्ञान भएको, Word, excel, PowerPoint मा दिईएको प्रश्नको उत्तर नेपली वा अंग्रेजी भाषामा उल्लेख गर्नु पर्ने छ ।<br>▪ नेपाली र अंग्रेजी दुवै भाषामा बोल्न तथा प्रतिवेदन तयार गर्ने सक्ने । |

२. कार्य अवधिः हाललाई २०८२ असार मसान्त सम्म, कार्यक्रमको आवश्यकता तथा कार्य सम्पादन/मुल्यांकनका आधारमा नवीकरण हुन सक्नेछ ।
३. परिक्षाको किसिम: लिखित, अन्तवार्ता र प्रयोगात्मक ।
४. तलव तथा अन्य सुविधा : कार्यक्रमको नियमानुसार ।
५. आवश्यक कागजातहरु : माथि उल्लेखित योग्यता पुगेका इच्छुक नेपाली नागरिकले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी, कार्य अनुभवको प्रमाणपत्रको प्रतिलिपि र पासपोर्ट साईजको फोटो एक प्रति साथै निवेदन सहित गाउँपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ । तोकिएको समय भन्दा पछि आएका आवेदनहरुलाई छनौट प्रक्रियामा समावेश गरिने छैन ।
६. छनौट प्रक्रियाः
प्रारम्भिक छनौटमा परेका उम्मेद्वारहरुलाई मात्र लिखित, अन्तर्रवार्ता र प्रयोगात्मक परिक्षामा समावेश गरिने छ । उक्त पदमा अवसरबाट बञ्चितिकरणमा परेका समुदायहरु खासगरी, महिला, दलित, जनजाती, मधेशी तथा अल्पसंख्यक वर्गका उम्मेदवारहरुको समावेशीकरणको लागि सकारात्मक विभेदको प्रकृया अवलम्बन गरिनेछ ।

७. दरखास्त दिने अन्तिम मिति : २०८१।१०।१० गते सम्म कार्यालय समय भित्र र फारम भर्ने अन्तिम दिन सार्वजनिक विदा भएमा कार्यालय खुलेको दिन कार्यालय समय भित्र ।

प्रमुख प्रशासकीय अधिकृत